**मिति: २०८०।४।२३ गते, समय: ११:३० वजे दिनको, बैठक संख्या: ३३**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २:** फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाको वडा नं. १ र २ को सिमानामा रहेको बुढा काफल सामुदायिक बन नजिक फोहोरमैला व्यवस्थापनका सम्बन्धमा वडा नं. १ मालम निवासी नागरिकहरुले असहमति जनाई ज्ञापन पत्र समेत पेश गर्नु भएको र मिति २०८०।४।२२ गते जिल्ला प्रशासन कार्यालय डडेलुरामा प्रभावित क्षेत्रका बासिन्दाहरु समेतको संलग्नता बैठक बसी ३ महिना भित्र बैकल्पिक व्यवस्थापन गर्ने सहमति भएको हुंदा नगरपालिका भित्रको फोहोरमैला व्यवस्थापनका लागि सर्वदलिय सर्वपक्षिय बैठक आयोजना गरि उचित व्यवस्थापन गर्न पहल गर्ने ।

**प्रस्ताव नं. ३:** जिल्ला समन्वय समिति डडेलधुराको नाममा रहेको बसपार्क नजिकको जग्गा हस्तान्तरण ।

**निर्णय:** यस नगरपालिकाको वडा नं. ५ को बसपार्क नजिक रहेको जिल्ला समन्वय समिति डडेलधुराको नाममा रहेको जग्गा बहुउदेश्यिय भवन र पार्किंग क्षेत्र निर्माणको लागि यस नगरपालिकाको नाममा हस्तान्तरण गर्न श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौंलाई अनुरोध गर्ने ।

२०८०।४।२३

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेलधुरा सुदूरपश्चिम प्रदेश

प्रमुख प्रशासकीय अधिकृत